**भिजन ईनर्जी एण्ड पावर प्रा. लि.**
**का.म.न.पा. १०, नयाँ बानेश्वर, काठमाण्डौ**
**फोन नं ०१–५२४४९९८**
**Website: www.veplinfo.com, Email:visionenergy@veplinfo.com**

# चौथो र पाँचौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

**आदरणीय शेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०७७/०८/०७ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस भिजन ईनर्जी एण्ड पावर प्रा. लि. को चौथो र पाँचौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना जारी गरिएको छ :

## सभा हुने मिति, स्थान र समयः

मिति : २०७७/०८/२९ गते (तद्नुसार डिसेम्बर १४, २०२०) सोमबार
समय : दिनको ३:०० बजे
स्थान : भर्च्युअल विधिबाट गरिने (सभा स्थल तय भएमा सभा मिति भन्दा ७ दिन अगावै जानकारी दिने)

(कोभिड-१९ को माहामारीलाई ध्यानमा राखि भर्च्युअल विधिबाट सभा गर्न लागिएको तर कोभिड-१९ को प्रभाव कम भएमा मात्र सभा स्थल तय गरि सभा हुने मिति भन्दा ७ दिन अगावै शेयरधनीहरुलाई जानकारी प्रदान गरिने)।

**छलफलका बिषयहरु :**

## (क) साधारण प्रस्ताव

१. आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदनहरु स्वीकृत गर्ने सम्बन्धमा।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को बार्षिक वित्तीय विवरणहरु स्वीकृत गर्ने सम्बन्धमा।

३. आर्थिक वर्ष २०७६/०७७ को लागि सञ्चालक समितिबाट नियुक्त लेखापरीक्षक श्री पंकज थापा एसोसिएट्स्को नियुक्ति र लेखापरीक्षण बापतको पारिश्रमिक अनुमोदन गर्ने, साथै आर्थिक वर्ष २०७७/०७८ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा (बर्तमान लेखापरीक्षक श्री पंकज थापा एसोसिएट्स् पुनः नियुक्तिका लागि योग्य रहनुभएको छ)।

## (ख) विशेष प्रस्ताव

१. कम्पनीमा स्वपूँजी लगानी गर्न जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडसँग मिति २०७६/११/१८ मा भएको सम्झौता अनुमोदन सम्बन्धमा (जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडद्वारा कम्पनीमा रु. पचास करोड बराबरको स्वपूँजी लगानी गर्ने)।

२. कम्पनीको नियमावलीमा दोश्रो संशोधन सम्बन्धमा।

३. सञ्चालक समितिको रिक्त स्थानमा नयाँ सदस्य श्री योगेन्द्र भट्टराईको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा (यस अर्न्तगत श्री भिमसेन कुमार गौतमज्यूको राजिनामा प्राप्त भई स्वीकृत भइसकेको )।

४. सञ्चालक समिति सदस्यहरुको कार्यकाल थपका लागि अनुमोदन सम्बन्धमा।

५. सञ्चालक समितिमा सदस्यको रुपमा जलविद्युत लगानी तथा विकास कम्पनी लि. का प्रतिनिधि श्री अरुण रजौरियाको नियुक्ति सम्बन्धमा ।

६. पूरक कर्जा सुविधा सम्झौता पत्र (Supplementary Credit Facilities Agreement-I) अनुमोदन गर्ने ।

७. सञ्चालक समितिको बैठक भत्ता सम्बन्धमा ।

८. कम्पनीका सञ्चालक समिति सदस्यहरुको भ्रमण भत्ता सम्बन्धमा ।

९. कम्पनीका सञ्चालक समिति सदस्यहरुको सेवा सुविधा सम्बन्धमा ।

**(ग) विविध**